# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक २३


## प्रतिज्ञाजत्तिकै सुरक्षित

तपाईंले आफ्नो बचत वा चल्ती खातामा जम्मा गरेको पैसा कत्तिको सुरक्षित छ? जसको नाममा खाता छ, उसबाहेक अरू कसैले त्यो पैसा झिक्न सक्छ? सक्दैन।

त्यो पैसा बैंकको विश्वसनीयताजत्तिकै सुरक्षित हुन्छ, र त्यसलाई सुनिश्चित गर्ने सरकारको प्रत्याभूतिजत्तिकै पनि सुरक्षित हुन्छ। तर येशू ख्रीष्टमा पाइने उद्धार कुनै पनि बैंक वा सरकारले सुरक्षित राख्न सक्ने सम्पत्तिभन्दा अनन्त गुणा बढी सुरक्षित छ।

आफ्नो उद्धारको अनन्त सुरक्षाप्रति पावल पूर्ण रूपमा आश्वस्त थिए। त्यसैले उनले दृढतापूर्वक भने, *“किनकि मैले कसलाई विश्वास गरेको छु, सो म जान्दछु, र त्यस दिनसम्मका निम्ति जुन कुरा मैले उहाँलाई सुम्पेको छु, त्यस कुराको रखवाली गर्नलाई उहाँ सामर्थी हुनुहुन्छ भनी मलाई निश्चयता छ” (२ तिमोथी १:१२)।*

- Fellowship



## लूका १३:६-९

अनुग्रहका साधनहरू पाएर पनि,
अनुग्रहका फल देखिन्नन् भने,
कति भयङ्कर अवस्था हो त्यो!
परमेश्वरले धेरै समयसम्म सहनुभए पनि,
चेतावनीअनुसार दण्ड आउँछ नै,
र फल नफल्ने नेभाराको रूख ढालिन्छ नै।




## यूसुफको उत्कृष्ट उदाहरण

### उत्पत्ति ३९:६–१९

यौन प्रलोभनको सामना गर्दा यूसुफले एक जवान मानिसका रूपमा उल्लेखनीय आत्मिक विवेक देखाए।

**१) परमेश्वरले त्यो प्रलोभन आउन दिनुभयो।** यूसुफले कुनै गल्ती गरिरहेका थिएनन्। उनी आफ्ना मालिकको सेवा अत्यन्त विश्वासयोग्य ढङ्गले गरिरहेका थिए। यूसुफका कारण परमेश्वरले मालिक पोतिफरलाई प्रत्येक क्षेत्रमा आशिष् दिँदै हुनुहुन्थ्यो। तर यूसुफको कुनै दोष नभए पनि, परमेश्वरले एउटा दुष्ट स्त्रीलाई उनलाई पापमा फसाउने प्रयास गर्न दिनुभयो। परमेश्वरको योजनाअनुसार यूसुफले पहिले दुःख भोग्नुपर्ने थियो र त्यसपछि उच्च पारिनुपर्ने थियो। हामीले “अप्रिय” ठान्ने प्रत्येक घटनामा समेत परमेश्वर संलग्न हुनुहुन्छ। ... (बाँकी अंश पृष्ठ ४ मा)

© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ६ [४ मध्ये भाग २]

## आधुनिक युगको सत्यत्याग

### तर्कवाद र अनुभववादको उदय

शैतानले प्रोटेस्टेन्ट विश्वासलाई नष्ट गर्न सकेको थिएन। तर संसारबाट साँचो सुसमाचारलाई, बाइबल मानिसका निम्ति परमेश्वरको प्रेरणाद्वारा दिइएको प्रकाश हो भन्ने विश्वासलाई, साथै परमेश्वरले आफ्ना सबै आशिषहरूसहित मानिसको हितका लागि आफ्नो ईश्वर-शासित राज्य स्थापना गर्नुहुनेछ भन्ने आशालाई मेटाइछाड्ने उसको दृढ सङ्कल्प भने कायमै थियो। यही उद्देश्य पूरा गर्न उसले केही नयाँ अभियानहरू सुरु गरायो, जसले सत्यत्यागको शृङ्खलाबद्ध प्रक्रिया आरम्भ गराए। त्यस सत्यत्यागको प्रभाव अन्ततः प्रोटेस्टेन्ट विश्वासको ठूलो हिस्सामा मात्र होइन, सारा संसारभरि फैलियो।

सत्रौँ शताब्दीको उत्तरार्धदेखि अठारौँ शताब्दीसम्म युरोपमा तर्कवाद (Rationalism) भनेर चिनिने एउटा नयाँ बौद्धिक अभियान विकसित भयो। तर्कवादीहरूले सत्यको खोजी गर्ने प्रमुख साधन ईश्वरीय प्रकाश नभई मानव बुद्धि र इन्द्रियहरू हुन् भन्ने कुरामा जोड दिए। मानिसहरूले सृष्टिलाई परमेश्वरको सार्वभौम प्रबन्ध वा प्रत्यक्ष हस्तक्षेपले होइन, केवल प्राकृतिक नियमहरूले सञ्चालन हुने एउटा विशाल यन्त्रका रूपमा हेर्न थाले। गैर-ख्रीष्टियन धर्महरूको बारेमा ज्ञान विस्तार हुँदै जाँदा, केही चिन्तकहरूले बाइबल र चर्चबाट स्वतन्त्र रूपमा सबै मानिसहरूमा समान रूपमा पाइने एउटा प्राकृतिक धर्मको खोजी गर्न थाले।

अनुभववाद (Empiricism) को उदयसँगै तर्कवाद (Rationalism) को पनि विकास भयो। अनुभववादीहरूको विश्वास थियो कि मानिसका इन्द्रियहरूले अवलोकन गर्न सक्ने र बारम्बार परीक्षणद्वारा प्रमाणित गर्न सक्ने कुरा मात्र सत्यको रूपमा स्वीकार गर्नुपर्छ। अर्को शब्दमा भन्नुपर्दा, वैज्ञानिक विधिबाट प्रमाणित गर्न सकिने कुराहरूमा मात्र विश्वास गर्नु उचित हुन्छ। जब अनुभववादलाई यसको तार्किक निष्कर्षसम्म पुऱ्याइयो, तब यसले ईश्वरीय प्रकाशद्वारा प्राप्त सत्यहरूलाई अस्वीकार गऱ्यो। यस्ता सत्यहरू आत्मिक विषयसँग सम्बन्धित हुन्छन्, र आत्मिक विषयहरू इन्द्रियहरूले अवलोकन गर्न सकिने वैज्ञानिक परीक्षणद्वारा प्रमाणित गर्न सकिँदैन।

### देववाद (Deism) को विकास

तर्कवाद र अनुभववादको सम्मिलित प्रभावबाट देववाद (Deism) नामक नयाँ धार्मिक विचारधाराको जन्म भयो। यो नयाँ विश्वास सत्रौँ शताब्दीमा इङ्गल्यान्डमा सुरु भयो र अठारौँ शताब्दीमा फ्रान्स, जर्मनी तथा अमेरिकासम्म फैलियो। यसलाई प्राकृतिक धर्म वा तर्कको धर्म पनि भनिन्छ। देववादले सृष्टि ईश्वरीय प्रबन्ध वा हस्तक्षेपले होइन, केवल प्राकृतिक नियमले मात्र सञ्चालित हुन्छ भन्ने तर्कवादी धारणालाई स्वीकार गऱ्यो। तर, विश्वको उत्पत्तिलाई परमेश्वरबिना सन्तोषजनक रूपमा व्याख्या गर्न भने यसले सकेन। त्यसैले यसको एउटा प्रमुख शिक्षा यस्तो थियो: सर्वोच्च सत्ता (Supreme Being) ले विश्वको सृष्टि त गर्नुभयो, तर सृष्टि गरिसकेपछि उहाँ त्यसबाट पूर्ण रूपमा अलग हुनुभयो, र त्यसपछि विश्वसँग उहाँको कुनै प्रत्यक्ष सम्बन्ध वा हस्तक्षेप रहेन।

यस आधारभूत धारणाबाट देववादले केही निष्कर्षहरू निकाले। पहिलो, संसारको आरम्भदेखि नै मानिसलाई कुनै अलौकिक प्रकाश (supernatural revelation) दिइएको छैन। दोस्रो, आश्चर्यकर्म वा चमत्कार भन्ने कुनै वास्तविकता छैन। तेस्रो, बाइबल अलौकिक प्रेरणाद्वारा लेखिएको पुस्तक होइन। चौथो, येशू ख्रीष्ट देहधारी परमेश्वर हुनुहुन्न। इतिहासमा परमेश्वरले प्रत्यक्ष हस्तक्षेप गर्नुभएको भन्ने शिक्षालाई अस्वीकार गर्न देववादले यी निष्कर्षहरू स्वीकार गर्नुपरेको थियो।

देववादको अर्को प्रमुख शिक्षा यस्तो थियो: अलौकिक प्रकाश नदिइएकाले मानिसले सत्य पत्ता लगाउने एकमात्र माध्यम वैज्ञानिक विधिको प्रयोगद्वारा आफ्नो तर्कशक्तिको प्रयोग गर्नु हो। देववादले व्यवहारमा मानिसको पापको समस्यालाई बेवास्ता गऱ्यो। यसको विश्वास थियो कि मानिस स्वभावतः असल छ र क्रमशः पूर्णताको दिशामा अघि बढ्दै जान्छ। त्यसैले यसले परमेश्वरको कुनै अलौकिक हस्तक्षेपबिना मानिसले आफ्नै प्रयासद्वारा पृथ्वीमै एउटा आदर्श समाज (utopia) स्थापना गर्ने अपेक्षा गऱ्यो। यसरी, देववाद उदारवादी प्रोटेस्टेन्टवाद (Liberal Protestantism) को अग्रदूत बन्यो।


### तर्कवाद, अनुभववाद र देववादप्रति परमेश्वरको प्रत्युत्तर

तर्कवाद, अनुभववाद र देववादका माध्यमबाट शैतानले सुसमाचार, बाइबल र भविष्यमा स्थापना हुने ईश्वर-शासित राज्यको शिक्षामाथि निरन्तर प्रहार

गरिरहेको थियो। परमेश्वरले भने यी अभियानहरूको प्रतिकार गर्नुभयो, ताकि उहाँको राज्यसम्बन्धी सत्यको साक्षी संसारमा निरन्तर रहिरहोस्। जर्मनीमा यसको प्रत्युत्तर सत्रौं र अठारौं शताब्दीको पायटिस्ट अभियान (Pietist Movement) को रूपमा देखा पर्‍यो। विद्यमान सङ्गठित चर्चहरूका विश्वासीहरू बाइबल अध्ययन र प्रार्थनाका लागि छुट्टै भेला हुन थाले तथा भक्तिपूर्ण जीवनमा विशेष जोड दिन थाले। यही पायटिस्ट अभियानबाट मोराभियन चर्चहरू (Moravian Churches) को जन्म भयो। मोराभियन चर्चहरूले सुसमाचार फैलाउने उत्कट जोशका साथ धेरै मिसनरीहरूलाई विभिन्न देशहरूमा पठाए।

इङ्गल्यान्डमा यसको प्रत्युत्तर अठारौं शताब्दीको वेस्लीयन जागृति (Wesleyan Revivals) थियो। यस जागृतिले लाखौं मानिससम्म सुसमाचार पुर्‍यायो, मेथोडिस्ट चर्च (Methodist Church) को स्थापना गरायो, र इङ्गल्यान्डलाई राष्ट्रिय नैतिक पतनबाट जोगाउन महत्त्वपूर्ण भूमिका खेल्यो।

अमेरिकामा परमेश्वरले महान् जागृति (Great Awakening) को प्रयोग गर्नुभयो। यस जागृतिमार्फत जर्ज ह्विटफिल्ड (George Whitefield) र जोनाथन एडवर्ड्स (Jonathan Edwards) जस्ता सेवकहरूले असंख्य मानिसहरूसम्म सुसमाचार पुर्‍याए।



*जर्ज ह्विटफिल्ड हजारौंलाई ख्रीष्ट प्रचार गर्दै*

साभार: What On Earth Is God Doing by Renald Showers

*(क्रमश: आगामी अंकमा)*


## ख्रीष्टियन चरित्र:

दृढविश्वास — साहस — समर्पण

## अन्तर्वास गर्नुहुने पवित्र आत्मा — ईश्वरीय शिल्पकार

*"अनि हृदयहरूलाई तलाश गर्नुहुनेले आत्माको मन के हो, जान्नुहुन्छ; किनभने परमेश्वरको इच्छामुताबिक उहाँले पवित्र जनहरूका निम्ति अन्तर्विन्ती गर्नुहुन्छ।"* (रोमी ८:२७)

म विनम्रतापूर्वक यस्तो सुझाव दिन चाहन्छु कि आजको मण्डलीमा सबैभन्दा बेवास्ता गरिएका व्यक्तित्व प्रचारकहरू होइनन्, एल्डर वा डिकनहरू होइनन् न त घरमै सीमित रहनुभएका विश्वासी, न त हेरचाह गर्ने सेवक—तर पवित्र आत्मा नै हुनुहुन्छ। सबै काट्ने, कुँद्ने, ढाल्ने र आकार दिने काम उहाँ कोमल र नम्र पवित्र आत्माबाटै हुन्छ। आउनुहोस्, हामी विद्रोह नगरौं। उहाँ सर्वोच्च शिल्पकार हुनुहुन्छ।



*सटीक रूपमा काटिएका विशाल पत्थरहरूले बनेको मिश्रको प्राचीन पिरामिड*

केओप्सको पिरामिडबारे भनिन्छ कि ख्रीष्टको जन्म हुनुभन्दा शताब्दीयौं अघि पत्थर काट्नेहरूको कारीगरी यति सूक्ष्म थियो कि जब ती विशाल पत्थरहरू आफ्नो स्थानमा राखिए, तब मसलाको कुनै आवश्यकता नै परेन। ती पत्थरहरूको जोर्नीबीच एउटा चक्कुको धारसमेत छिराउन सकिँदैनथ्यो।

विश्वासीहरू जीवित पत्थरहरूजस्तै हुन्, जो एउटा आत्मिक घरमा निर्माण भइरहेका छन्। परमेश्वरको वचन र जीवनका अनुभवहरू प्रयोग गरेर हामीलाई पवित्र पार्न मुख्य शिल्पकार निरन्तर कार्यरत हुनुहुन्छ। पवित्र आत्माले हामीलाई आफ्ना जीवित पत्थरहरूका रूपमा तयार पार्दै गर्दा, हाम्रो लचकता—अर्थात् उहाँप्रतिको समर्पण र आज्ञाकारिता—ले नै हाम्रो जीवनको आनन्दलाई धेरै हदसम्म निर्धारण गर्छ। — डा. डब्ल्यू. विल्बर्ट वेल्च

## "एकलास बाटो"

**मा**निसको हृदयभित्र एउटा रहस्य लुकेको हुन्छ
वरिपरि होलान् हामीलाई प्रेम गर्नेहरू
अनि प्रेम गरिएका पनि हौंला हामीहरू
तरैपनि बेलाबखत, हामी सबैलाई
एकलोपनाको एउटा यस्तो महसुस हुने गर्छ,
हाम्रो सबभन्दा प्रिय मित्र समेत हाम्रो आनन्दभित्र प्रवेश गर्न नसक्ने हुन्छ
अनि हाम्रो तीतोपनालाई उसले बुझ्न नसक्ने हुन्छ
तब हामी भन्छौं, "साँच्चै बुझ्ने एकजना पनि छैन,
जुन कुरा भएर म जाँदैछु, यसलाई पूरै बुझ्ने कोही छैन;"
आफ्नो-आफ्नो पालोमा यस्तै हुन्छ हाम्रो सुस्केरा,
हामी एकलास बाटोमा हिँड्छौं यता र उता,
जीवनमा स्थान हाम्रो जस्तोसुकै होस्, जहाँसुकै होस्
प्रत्येक हृदय, उसलाई समेत रहस्य रहेको त्यो हृदय,
त्यसको भित्री जीवनको सवालमा त्यो एकलास बाटोमा हिँडिरहेको हुन्छ।

अनि जान्न चाहनुहुन्छ तपाईं कारण के होला यसको?
कारण यो हो कि प्रभु हाम्रो प्रेम चाहनुहुन्छ।
हरेक हृदयमा उहाँ पहिलो हुन चाहनुहुन्छ।
त्यसैले त्यो गुप्त चाबी उहाँले आफैसित राख्नुहुन्छ
त्यसका सबै कोठा एक एक गरी खोल्न
र सिद्ध सहानुभूति र चोखो शान्तिले आशिष दिन
हरेक एकलो प्राणलाई त्यो दिन, जो उहाँकहाँ आउँदछ।
त्यसैले एकलोपनको जब हामी महसुस गर्दछौं
तब "मकहाँ आऊ" भनी बोलाउनुहुने येशूको स्वर हो त्यो
अनि हरेक पटक जब हामीलाई बुझ्दैन कसैले
तब हामीलाई फेरि पनि आउन आह्वान हो यो उहाँको
किनकि ख्रीष्टले मात्र प्राणलाई तृप्त पार्न सक्नुहुन्छ
अनि दिन प्रति दिन उहाँसित हिँड्नेहरू
कहिल्यै बाटोमा एकलो हुन्नन्।

अनि जब कुनै गहौं क्रूसमुनि तपाईं क्लान्त बन्नुहुन्छ
"म यो भारी एकलै बोक्न सक्दिनँ" जब भन्नुहुन्छ
तब तपाईं सत्य बोल्नुहुन्छ
ख्रीष्टले जानीबुझी त्यसलाई यति भारी बनाइदिनुभयो
कि तपाईं उहाँकहैं फर्की आउनुपर्छ।
कसैले नबुझ्ने त्यो तीतो शोकले
राजाबाटको एउटा गुप्त खबर बोकेको हुन्छ
उहाँकहाँ फेरि पनि आउन विन्ती गरिरहेको हुन्छ।
शोकका मानिसले त्यसलाई राम्रै बुझ्नुहुन्छ
सबै कुरामा परीक्षित हुनुभएकोले उहाँले तपाईंसँगै अनुभव गर्न सक्नुहुन्छ
कति घरीघरी आएको वा कति नजिक आएको भन्ने कुरा हुँदैन यहाँ
परमेश्वरका पुत्र हुनुहुन्छ अनुग्रहमा असीम
उहाँको उपस्थितिले तृप्त पार्छ तृषित प्राणलाई
अनि दिन प्रति दिन उहाँसित हिँड्नेहरू
कहिल्यै बाटोमा एकलो हुन्नन्।

- A Solitary Way, लेखक अज्ञात

(पृष्ठ १ को बाँकी अंश)

**२) यूसुफले "होइन" भने—र त्यसको अर्थ पनि "होइन" नै थियो!** यूसुफ आकर्षक व्यक्तित्वका थिए (उत्पत्ति ३९:६), र उनका मालिककी पत्नीले बारम्बार उनलाई लोभ्याउँदै भनिन्, "मसँग सुत" (उत्पत्ति ३९:७)। यूसुफले कुनै हिचकिचाहट नगरी उनको अनैतिक प्रस्तावलाई दृढतापूर्वक अस्वीकार गरे।

**३) पापपूर्ण प्रस्ताव अस्वीकार गर्ने यूसुफका दुई कारण थिए।** पहिलो, उनी आफ्ना मालिकमाथि विश्वासघात गर्न चाहँदैनथे। व्यभिचार गरेर उनले ठूलो दुष्टता गर्ने थिए (उत्पत्ति ३९:८-९)। दोस्रो, उनी परमेश्वरको विरुद्धमा पाप गर्न चाहँदैनथे। उनले भने, *"कसरी म यति ठूलो दुष्टता गर्न र परमेश्वरको विरोधमा पाप गर्न सक्छु र?"* (उत्पत्ति ३९:९)। आफ्नो मालिकको विरुद्धमा पाप गर्नु नै निकै भयानक कुरा थियो, तर परमेश्वरको विरुद्धमा पाप गर्नु त झन् धेरै भयानक थियो! थियो। यौन प्रलोभनहरू जताततै फैलिएको यस समयमा, हामीलाई यूसुफको जस्तै पापप्रतिको घृणा कति धेरै आवश्यक छ! दश आज्ञा अझै दिइएको थिएन तापनि यूसुफलाई व्यभिचार एक गम्भीर पाप हो भन्ने कुरा थाहा थियो।

**४) प्रलोभन दिनदिनै आइरह्यो।** यस दुष्ट स्त्रीले यूसुफलाई बारम्बार यौन प्रलोभनमा पार्ने प्रयास गरिन्। तर यूसुफले प्रत्येक पटक दृढतापूर्वक इन्कार गरे। उनले उनीसँग सुत्न मात्र मानेनन्, उनको साथमा बस्नसमेत मानेनन् (उत्पत्ति ३९:१०)। पापतर्फ डोर्‍याउन सक्ने परिस्थितिबाट समेत उनी टाढा रहे।

**५) जब उसले अन्ततः यूसुफलाई बलपूर्वक समात्न खोजी, उनी भागे!** यूसुफले मानौं धेरैअघि नै यो सिद्धान्त अपनाइसकेका थिए: *"जवानीका अभिलाषाहरूदेखि भाग"* (२ तिमोथी २:२२)। उनले प्रलोभनसँग सम्झौता गरेनन्; त्यसबाट भागे। तपाईं पनि यूसुफजस्तै बन्ने साहस गर्नुहोस्!

- जर्ज जेलर

प्रकाशक: नारायणगढ चर्च, लायन्स चोक, नारायणगढ, भरतपुर - २ ✦ 9855071310